वादी सुनुवाइको लागि उपस्थित हुनुपर्दछ वा आपत्कालीन आदेश स्वतः खारेज हुने छ। प्रतिवादी अन्तिम सुनुवाइको लागि उपस्थित हुनु आवश्यक छैन। प्रतिवादी सुनुवाइमा उपस्थित नभएको खण्डमा अदालतले अझै पनि RFA आदेश जारी गर्न सक्ने छ। प्रतिवादीलाई तामेली नभएसम्म अन्तिम आदेश लागू हुने छैन।

यदि सबै प्रमाणहरू सुनेपछि न्यायाधीशले अन्तिम आदेश जारी गर्न पर्याप्त प्रमाण नपुगेको ठहर गरेमा, आपत्कालीन आदेश अन्त्य हुनेछ र केस बन्द गरिने छ।

## दुर्व्यवहार संरक्षण आदेशबाट अन्तिम राहत

वादी र प्रतिवादी दुवैलाई आदेशको प्रतिलिपि दिइने छ। यदि प्रतिवादी सुनुवाइमा उपस्थित नभएको खण्डमा प्रहरी निकायले एक प्रति प्रतिवादीलाई तामेली गरिने छ। यदि न्यायाधीशले अन्तिम आदेश जारी गरेमा यो निश्चित समयको लागि हुनुपर्ने छ।

अन्तिम आदेशको समयावधि समाप्त हुनुअघि वादीले आदेशको समयावधि विस्तार गर्नका लागि अदालतमा लिखित रूपमा अनुरोध गर्न सक्छ। यो दस्तावेज अदालत, तपाईंको स्थानीय वकालत समूह र www.vermontjudiciary.org मा उपलब्ध छ।

## अन्तिम आदेशको उल्लङ्घन

RFA को आदेश उल्लङ्घन गर्नु अपराध हो। यदि प्रतिवादीले आदेशअनुसार वर्जित गरिएका कुनै कार्य गरेमा तपाईंले प्रहरीलाई फोन गर्नुपर्दछ; प्रहरीले प्रतिवादीलाई पक्राउ गर्न सक्ने छ।

**अदालतहरू बन्द भएका बेला RFA आदेशको लागि कल गर्न सकिने नम्बर:**

**1-800-540-9990**

**उपलब्ध मद्दत**

### घरेलु हिंसा हटलाइन

**1-800-228-7395**

तपाईं हटलाइनमा कल गर्न सक्नुहुन्छ र आफ्नो स्थानीय घरेलु हिंसा वकालत समूहको फोन नम्बर माग्न सक्नुहुन्छ वा यस वेबसाइट https://vtnetwork.org/get-help/ हेर्न सक्नुहुन्छ।

अदालतको वेबसाइटः

**www.vermontjudiciary.org**

# परिवार अदालतमा दुर्व्यवहारबाट राहत आदेशका लागि आवेदन दायर गर्ने

यस ब्रोसरले तपाईंलाई दुर्व्यवहारबाट राहत (RFA) आदेश सम्बन्धमा कानुनले कसरी काम गर्दछ भनेर बुझ्न मद्दत गर्दछ। कृपया तपाईंले RFA आदेशको लागि निवेदन दायर गर्नुअघि यो ब्रोसर पूरै पढ्नुहोस्। दुर्व्यवहारबाट राहत आदेश निवेदन गर्ने व्यक्तिलाई "वादी" भनिन्छ। "प्रतिवादी" त्यो व्यक्ति हो जसका विरूद्ध तपाईं आदेश जारी होस् भन्ने चाहनुहुन्छ। तपाईं यो देशको नागरिक नभए पनि निवेदन दायर गर्न सक्नुहुन्छ। दायर गर्न शुल्क तिर्नु वा खर्च गर्नुपर्दैन।

RFA आदेश परिवार अदालतका न्यायाधीशले तपाईं र/वा तपाईंका बच्चाहरूलाई प्रतिवादीबाट जोगाउन जारी गर्ने आदेश हो।

यस ब्रोसरमा सीमित जानकारी मात्र समावेश गरिएको छ। तपाईं कुनै वकिलसँग परामर्श लिन सक्नुहुन्छ।

**भर्मोन्ट न्यायपालिका अनलाइन**

www.vermontjudiciary.org

## RFA आदेशका लागि निवेदन कसरी दायर गर्ने:

तपाईंले अदालत खुल्ने समयमा आपतकालीन वा गैर-आपत्कालीन RFA आदेशको लागि निवेदन दायर गर्न सक्नुहुन्छ। आपत्कालीन दायरी भने दिन वा रातको कुनै पनि समयमा गर्न सकिन्छ।

RFA आदेशको लागि निवेदन दायर गर्नको लागि तपाईंले प्रतिवादी निम्नमध्ये कुनै एक भएको देखाउनुपर्ने छ:

- परिवारको सदस्य
- घरधुरी सदस्य
- वर्तमान वा पूर्व पति/पत्नी
- तपाईं पहिले सँगै बस्ने व्यक्ति
- तपाईंले पहिले डेटिङ (प्रेम) गर्नुभएको व्यक्ति
- तपाईंले यौन सम्बन्ध राख्नुभएको वा तपाईंसँग यौनजन्य कार्य भएको व्यक्ति

*यदि प्रतिवादीसँगको तपाईंको सम्बन्ध माथिकामध्ये कुनैमा पनि पर्दैन भने, तपाईं पिछा गर्ने वा यौनजन्य आक्रमणसम्बन्धी आदेशको लागि दायर गर्न योग्य हुन सक्नुहुन्छ। तपाईं पिछा गर्ने वा यौनजन्य आक्रमणसम्बन्धी ब्रोसर अदालतबाट वा www.vermontjudiciary.org प्राप्त गर्न सक्नुहुन्छ।*

र तपाईंले यो पनि देखाउनुपर्ने छ:

- प्रतिवादीले तपाईंलाई शारीरिक रूपमा हानी पुऱ्याएका छन्
- प्रतिवादीले तपाईंलाई हानी पुऱ्याउने कोशिश गरेका छन्
- प्रतिवादीले तपाईंलाई गम्भीर भौतिक क्षतिको भयमा राखेका छन्
- र तपाईंलाई प्रतिवादीले आफूलाई भविष्यमा हानि पुऱ्याउने छन् वा गम्भीर शारीरिक क्षतिको डरमा राख्ने छन् भन्ने डर छ

तपाईंले उजुरी फारम भर्नुपर्ने छ र शपथ-पत्र लेख्नुपर्ने छ। न्यायाधीशले तपाईंले निवेदन दायर गरेकै दिन सो निवेदनको समीक्षा गर्नुहुने छ। तपाईंको दायरीको आधारमा, न्यायाधीशले आपत्कालीन RFA आदेशको लागि तपाईंले गर्नुभएको निवेदन स्वीकार वा अस्वीकार गर्नुहुने छ।

## यदि आपत्कालीन आदेशको लागि तपाईंले गर्नुभएको निवेदन अस्वीकृत भयो भने

तपाईंले आफ्नो दायरीमा अन्तिम सुनुवाइको लागि अनुरोध गर्न सक्नुहुने छ। तपाईंले आफ्नो जिकिर प्रमाणित गर्नको लागि अदालतमा बयान दिने मौका पाउनुहुने छ। यदि तपाईंले सुनुवाइको लागि अनुरोध गर्नुभयो भने, तपाईंको उजुरी, शपथ-पत्र र सुनुवाइको सूचना प्रहरीमा पठाइने छ। प्रहरीले त्यसपछि प्रतिवादीलाई प्रत्यक्ष रूपमा भेटेर कागजात उपलब्ध गराउने छ। यदि तपाईंले अन्तिम सुनुवाइको अनुरोध नगर्ने निर्णय गर्नुभयो भने तपाईंको उजुरी र शपथ-पत्र गोप्य राखिने छ र प्रतिवादीले तपाईंले दायर गर्नुभएको आपत्कालीन आदेशसम्बन्धी कागजातहरूको प्रतिलिपि कहिल्यै प्राप्त गर्न सक्ने छैनन्।

## यदि तपाईंको आपत्कालीन आदेश स्वीकृत गरियो भने

न्यायाधीशद्वारा जारी गरिएको आपत्कालीन आदेश अस्थायी आदेश मात्र हो, यो तपाईंको अन्तिम सुनुवाइसम्म मात्र लागू रहने छ। अन्तिम सुनुवाइ तपाईंले निवेदन दायर गर्नुभएको दिनको बिदाबाहेकका दश दिनभित्र हुने छ। सुनुवाइमा, तपाईं र प्रतिवादीले न्यायाधीशलाई घटनाको सविस्तार बताउन र बयान दिलाउन साक्षीलाई उपस्थित गराउन सक्नुहुने छ।

न्यायाधीशले अस्थायी रूपमा तलका कुनै पनि आदेश जारी गर्न सक्नुहुने छ:

- प्रतिवादीलाई तपाईं र/वा तपाईंका बच्चाहरूलाई दुर्व्यवहार गर्न रोक्न लगाउने
- प्रतिवादीलाई तपाईं र/वा तपाईंका बच्चाहरूलाई सताउने कार्य बन्द गर्न लगाउने
- प्रतिवादीलाई तपाईं, तपाईंका बालबच्चा, तपाईंको घर, तपाईंको काम गर्ने ठाउँ, तपाईंको गाडीदेखि निश्चित दूरीमा रहन लगाउने
- प्रतिवादीलाई तपाईंसँग सम्पर्क नगर्न वा निश्चित प्रकारका सम्पर्क मात्र गर्न लगाउने
- प्रतिवादीलाई अस्थायी रूपमा तपाईंको घर छोड्न लगाउने
- बच्चाहरूको अस्थायी संरक्षकत्व तपाईंलाई प्रदान गर्ने

**अदालतले तपाईंको उजुरी, शपथ-पत्र र सुनुवाइको मितिसहित अस्थायी आदेशको एक प्रति प्रहरीलाई पठाउने छ र उनीहरूले एक प्रति प्रतिवादीलाई तामेली गर्ने छन्।** प्रहरीले उक्त कागजपत्र तामेली नगरेसम्म अस्थायी आदेश लागू हुने छैन।

तपाईंले अदालतबाट तपाईंको आदेशको एक प्रति प्राप्त गर्ने कुरा सुनिश्चित गर्नुहोस्। तपाईंको सुनुवाइको मिति र समय आदेशको दोस्रो पृष्ठमा छ।

## अन्तिम सुनुवाइमा के अपेक्षा गर्ने

अन्तिम RFA सुनुवाइमा वादी र प्रतिवादी, दुवैले बयान दिने मौका पाउँछन्। साथै, प्रत्येकले बयान दिन साक्षीहरू बोलाउन सक्ने छन्। वादीले कुनै निश्चित अवधिको लागि आदेश जारी गरिदिन अनुरोध गर्न सक्ने छन्।

3/2021